नेपाल चेम्बर र भियतनामबीच व्यापार र लगानी प्रर्वद्धनबारे समझदारी

काठमाडौं(जस)-नेपाल र भियतनामबीच व्यापार र लगानी प्रर्वद्धन सम्वन्धमा सहकार्यको समझदारी भएको छ । नेपाल चेम्बर अफ कमर्स र भियतनाम नेपाल फ्रेण्डसिप एशोसिएसनबीच दुई पक्षीय लगानी अभिवृद्धि एवं व्यापार सहजीकरण गर्नेबारे समझदारी भएको हो । कृषि, पर्यटन र व्यापार जस्ता प्रमुख क्षेत्रहरुमा सहकार्य बढाउने विषयमा भियतनामका अधिकारीहरुसंग छलफल भएको नेपाल चेम्बर अफ कमर्सद्धारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले बुद्धको जन्मस्थल नेपालको लुम्बिनीमा भियतनामी पर्यटक भित्र्याउन आग्रह गरे । भियतनामका बहुसंख्यक बुद्ध धर्मावलम्वीलाई नेपालको भ्रमण गराएर पर्यटन प्रर्वद्धन गर्नुपर्ने भन्दै अध्यक्ष अग्रवालले यसका लागि सहजीकरण गर्न चेम्बर तयार रहेको बताए ।

कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रमा लगानीका लागि समेत उनले भियतनामका प्रतिनिधिसमक्ष आग्रह गरे । अध्यक्ष अग्रवालले भने, 'नेपाल लगानीको दृष्टिकोणले उत्कृष्ट गन्तव्य हो, लगानीको प्रतिफल सुनिश्चित गर्न चेम्बर अफ कमर्स प्रतिवद्ध छ ।' नेपालको कृषि विकासमा सहयोग एवं खाद्य सुरक्षा अभिवृद्धि र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने उद्देश्यले भियतनामसंग सहकार्य गर्न चाहेको अध्यक्ष अग्रवालको भनाई छ । चेम्बर पदाधिकारीसंगको भेटवार्तामा भियतनाम नेपाल फ्रेण्डसिप एशोसिएसनका अध्यक्ष ट्रान अन्ह तुवानले नेपालको प्राकृतिक सुन्दरताले आफुलाई निकै लोभ्याएको बताए । नेपालसंग सहकार्य गर्न आफुहरु तयार रहेको र लगानीका क्षेत्रहरु खोज्नुपर्नेमा उनले जोड दिए ।

नेप्से परिसूचकमा ३७ अंकको वृद्धि, सात अर्बको कारोबार

काठमाडौं(जस)-धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकको उकालो यात्रा जारी छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सोमबार ३७ दशमलव १३ अङ्कले उकालो लागेर दुई हजार ६९० दशमलव ७२ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ३२ अङ्कले उकालो लागेर ४८३ दशमलव ७८ मा पुगेको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये सोमबार दुई उपसमूहको शेयर मूल्यमा गिरावट हुँदा ११ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल एक करोड ५८ लाख ४५ हजार ४४९ कित्ता शेयर रु सात अर्ब नौ करोड ५९ लाख ५३ हजार २७ मूल्यमा खरिद बिक्री भए । नेप्सेका अनुसार, थ्री स्टार हाइड्रोपावर नौ दशमलव ९३, डोल्टी पावर कम्पनी नौ दशमलव ६८, एनआइसी एसिया फ्लेक्सी क्षप फन्ड आठ दशमलव ८०, जोशी हाइड्रोपावर आठ दशमलव ४२ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले सात दशमलव ५९ कमाएका छन् ।

यस्तै, इस्टर्न हाइड्रोपावरको शेयरमा सोमबार नकारात्मक सर्किट लागेको छ । साथै कुमारी सबल योजना सात दशमलव ४० प्रतिशत, विन नेपाल लघुवित्त छ दशमलव १४ प्रतिशत, जनउत्थान सामुदायिक लघुवित्त चार दशमलव शून्य सात प्रतिशत र पोखरा फाइनान्सका लगानीकर्ताले तीन दशमलव ७६ प्रतिशतले गुमाएका छन् ।

सप्तकोशीमा 'जेटबोट' पुनः सञ्चालनमा

धरान(जस)-सुनसरीको चतरास्थित सप्तकोशी नदीमा जेटबोट पुनः सञ्चालनमा ल्याइएको छ । नदीमा जलसतह र बहाव घट्दै गएपछि सोमबारदेखि पुनः सञ्चालन सुरु गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले बताए । केही समय अगाडि वर्षाका कारण जल सतह उच्च भएसँगै असुरक्षा हुने भएकाले सेवा बन्द गरिएको थियो । उनले भने, "चाडवाडको समयमा यात्रुहरु आवतजावत सहज बनाउने उद्देश्यले तत्कालका लागि सेवा सुरु गरिएको हो ।"

हाल सुनसरीको चतरादेखि बराहक्षेत्रहुँदै भोजपुरको सीमाना हतुवागढीसम्म जेटबोट सञ्चालन हुँदै आएको छ । जेटबोट सञ्चालन भएसँगै भोजपुरलगायत क्षेत्रका सर्वसाधारणलाई आउजाउ गर्न सहज हुने अपेक्षा गरिएको उनले बताए । सोमबार विहान सुनसरीको चतरास्थित सप्तकोशी नदीमा पुगेर प्रजिअ तिवारीसँगै सुनसरीका प्रहरी उपरीक्षक सुमन तिमल्सिना, सशस्त्र प्रहरी वल ४ नं गणका प्रमुख प्रहरी उपरीक्षक समेनन्द बज्राचार्य, राष्ट्रिय अनुसन्धान विभाग सुनसरीका उपअनुसन्धान निर्देशक तुल्सी कट्टेललगायतले निरीक्षण गरेका थिए ।

सडक सञ्जालमा जोडिँदै मुस्ताङ र डोल्पा

म्याग्दी(जस)-गण्डकीको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडकको ७५ किलोमिटर मार्ग खुलेको छ । दुई प्रदेशको हिमाली जिल्लाका आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीको सुविधाका लागि यो सडक महत्वपूर्ण मानिएको छ । सङ्घीय सरकारको मनाङ-मुस्ताङ-डोल्पा-जुम्लासडक आयोजनाअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङसोङ गाउँपालिका जोड्ने सडकको मार्ग खोल्ने काम अन्तिम चरणमा पुगेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले बताए ।

'जोमसोमबाट एक्लेभट्टी, पाक्लिङ, फलेक, साङ्तासम्म ४० किलोमिटर र साङतावाट याकखर्क हुँदै डोल्पाको सिमानासम्म थप ३५ किलोमिटर सडकको मार्ग खुलेको छ', उनले भने, 'गत वर्ष मुस्ताङ हुँदै छार्का ताङसोङसम्म केही दिन ट्र्याक्टर चलाइएको थियो । यो सडकमा नियमित र सहज रूपमा यातायात सञ्चालनका लागि २० किलोमिटर सडक स्तरोन्नति र चार ठाउँमा मोटरेबल पुल निर्माण गर्न आवश्यक छ ।'

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले डोल्पाको सिमानामा पर्ने सुकसाम्बामा बेलीब्रिज बनाउन चालु आर्थिक वर्षमा रु ८५ लाख विनियोजन गरेको जानकारी दिँदै अध्यक्ष गुरुङले थप तीनवटा बेलीब्रिज अथवा मोटरेबल पुल बनाउन र जोखिमयुक्त ठाउँको सडक स्तरोन्नति गरेर नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन स्थीय सरकारलाई प्रस्ताव गरिएको अध्यक्ष गुरुङले बताए । सरकारले गण्डकी प्रदेशको मनाङ-मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा-मुगु जोड्ने रणनीतिक महत्वको सडकअन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ को पाक्लिङबाट साङ्ता हुँदै डोल्पा जोड्ने सडक निर्माणको कामलाई अघि बढाएको थियो । २२ करोडको लगानीमा पाक्लिङबाट ५६ दशमलव पाँच किलोमिटर सडक खुलेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ ।

डोल्पातर्फबाट मुस्ताङको सीमानासम्म यसअघि नै सडक निर्माण भएको थियो । डोल्पा जोड्ने सडकको प्रवेशबिन्दुमा पर्ने मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभट्टी र पाक्लिङको सिमानास्थित कालीगण्डकी नदीमा दुई वर्षअघि प्रदेश सरकारमार्फत एक सय २० मिटर लामो पक्की पुल निर्माण गरिएको थियो ।

भाउ सस्तिएपछि च्यांग्राको व्यापार बढ्यो

बागलुङ(जस)-बागलुङमा यस वर्ष ढिलोगरी मुस्ताङी च्याङ्ग्रा भित्रिएको छ । आइतबार ११ दिनको यात्रापछि मुस्ताङका च्याङ्ग्रा किसान छ्याक्तो गुरुङ र छेक्तेन गुरुङले बागलुङमा १०४ वटा च्याङ्ग्रा ल्याए । तीन दिनअघि बागलुङका च्याङ्ग्रा व्यापारी महेन्द्र केसीले ७४ च्याङ्ग्रा भित्र्याएका थिए । मुस्ताङी च्याङ्ग्राको मूल्यमा गिरावट आएपछि माग बढेको हो । एक सय चार वटा च्याङ्ग्रामध्ये ५० च्याङ्ग्रा बागलुङ आइपुग्दै बिक्री भइसकेको छ्याङ्तो गुरुङले बताए । मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ छोसेरबाट ११ दिन लगाएर बागलुङमा च्याङ्ग्रा ल्याएको गुरुङको भनाइ छ ।

गतवर्ष रोज्जा च्याङ्ग्रालाई रु ५५ हजारमा बिक्री गरेको बताउँदै यो वर्ष रु ४५ हजारमा बिक्री गरिरहेको बताए । 'छोसेरबाट हिँडेर ११ दिनमा बागलुङ आइयो, बाटोमै ५० च्याङ्ग्रा बिक्री भइसके, अझै ५४ च्याङ्ग्रा रहेका छन्, अहिले च्याङ्ग्राको भाउ सस्तिएका कारण व्यापार फष्टाएको छ', गुरुङले भने, 'परम्परागतरुपमा पाल्दै आएको च्याङ्ग्रा बिक्रीका लागि आफैं बिक्री गर्दै आएको छु, आफैं च्याङ्ग्रा उत्पादन र आफैं बिक्री गर्दा नाफा धेरै हुन्छ ।'

कोसेलीका लागि र दसैंमा च्याङ्ग्राको मासु खाने चलनका कारण मुस्ताङको च्याङ्ग्रा बिक्रीका लागि म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने गरेको छ । च्याङ्ग्राको मूल्यमा १० देखि १५ हजारसम्म घटेकाका कारण चाँडो व्यापार भएको च्याङ्ग्रा व्यापारी छेक्तेन गुरुङले जानकारी दिए । बागलुङमा महेन्द्र केसीले भित्र्याएको ७४ च्याङ्ग्रामा १६ वटा बिक्री भइसकेको बताए । गतवर्ष च्याङ्ग्राको व्यापार घट्दा यस वर्ष बागलुङका थोरै च्याङ्ग्रा व्यापारी बागलुङबाट मुस्ताङ पुगेर च्याङ्ग्रा खरिद गरेको केसीले जानकारी दिए ।

अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चिनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्रि मुल्य निम्न बमोजिम भएको व्योहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सि. नं.	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको/ मुलुक राष्ट्र	ईकाइ	अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत
1.	Refrigerator	Single Door	Fujix	BC-50	50 Liters	China	Piece	15,352.00	
2.	Refrigerator	Single Door	Fujix	BC-100	100 Liters	China	Piece	18,830.00	
3.	Refrigerator	Double Door	Fujix	BCD-88V	88 Liters	China	Piece	22,705.00	

बिक्रेताको नाम : एक्सीस इन्टरनेशनल
ठेगाना : न्युरोड काठमाडौ
स्थायी लेखा नं. : ३००१४३८६५
फोन नं. ०१-५७१३३१७

युएईमा रोजगार UNION REBAR FACTORY LLC, ABU DHABI, UAE

पुर्व स्विकृति मितिः २०८१।०६।२० चलानी नं. ६०२२६३११ LT No. 311880

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	कामदारको न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब N. Rs.	ओभर टाइम सुविधा	प्रतिदिन काममर्ने घण्टा	हप्तामा काममर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी	लागत खर्च
1	Helper	10	काम्मा दक्ष	900	32903	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ वर्ष	०

स्वदेशमा मरिने प्रि मेडिकल खर्च कसले मर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा मरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोषे सम्पत्ति व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	निःशुल्क	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैले	रु.१,०० कामदार आफैले

अन्तरवार्ताः भेनपावर कार्यालय, काठमाडौमाः २०८१ असोज २८ गते (14 October 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारीः १. आफ्नो नाममा निषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा भई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निकायमको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुनछ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अनिमुस्किकरण तालिम वा ओरिएन्टेसन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो प्रदेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

तेस्रो पटक प्रकाशित मिति :२०८१/०६/२२

स्काइलार्क एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.को मिति २०७७/१२/२३ गते सम्पन्न वार्षिक/ विषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जि.एन.वि.जि.इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च सेनटर प्रा.लि.(प्रा.लि. नं.५५६२५)** कायम गर्ने गरी मिति २०८१/०६/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेजी गरिएको सुचना

यस कार्यालयमा मिति २०६७/०८/०२६ मा दर्ता भएको **प्रा.लि नं.२३८३८१** को **बजार एक्सचेन्ज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/२५ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेजी गरिएको सुचना

यस कार्यालयमा मिति २०७४/१२/०१ मा दर्ता भएको **प्रा.लि नं.१८५७४२** को **संयोग टेक्सटाइल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०६/२० को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम दर्ता स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेजी गरिएको सुचना

यस कार्यालयमा मिति २०७७/०४/२२ मा दर्ता भएको **प्रा.लि नं.२३९८५९** को **उद्यमी नेपाली प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०६/२० को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम दर्ता स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८१/०६/२२ गते

यस कार्यालयबाट मिति २०८१/०५/१० गते राष्ट्रिय दैनिक पत्रिका जनसवाल दैनिकमा आह्वान गरिएको तपशिलको बोलपत्र प्रकाशित सूचनामा निम्नानुसारको कार्यको विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र आब्हान भई माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको बोलपत्र, यस कार्यालयको मिति २०८१/०६/२१ मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि.नं.	बोलपत्रको विवरण	स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (भ्याट सहीत)	कैफियत
१	BTMMUN/GOODS/NCB-03/081-82 (Procurement supply and Delivery of 4WD Hardtop Jeep SUV at Birtamode Municipality)	M/S Agni Incorporated Pvt. Ltd., Panipokhari, Kathmandu	Nrs. 73,75,000.00/-	

प्रमुख प्रशासकिय अधिकृत

Invitation for Bids
Purbichauki Rural Municipality, Doti

Invitation of Bids for the Online Bid

Date of publication: 8 October 2024[2081-06-22]

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic bid from the Neplese eligible bidders for the following works

SN	IFB No.	Description of Works	Bid Validity Period in Days/ Bid security Period in days	Estimated Amount (Without VAT)	Id Security Amount in (NRs)	Id Document Fee in (NRs) non refundable
1.	PRM/DOTI/G/NCB-03/081/082	Purchasing Of Medicine at Purbichauki Rural Municipality Doti	90 days	21,00,000	63000	3000
2.	PRM/DOTI/G/NCB-04/081/082	Purchasing of Sanitary Pad at Purbichauki Rural municipality	90 days	13,00,000	40,000	1000

a. Deadline for bid submission: 06-11- 2024 [2081/07/21] 12:00 PM
b.Date, time and place of bid Opening: **07-11-2024 [2081/07/22], 4:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.
c.Account No. for bid document purchase: Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: **14304010000011**
d. Account No. for bid security deposit: Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675[**or may visit PPMO website www.bolpatra.gov.np.]